बहिष्करणमा पारिएको समुदायको दृष्टिमा

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान (मस्यौदा)**

राष्ट्रिय परामर्श गोष्ठी

२०६७ माघ २० गते (३ फेब्रुअरी २०११)

**प्रतिवेदन**

## १. पृष्ठभूमी

जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च नेपाल (एनकार्ड) ले राज्यद्वारा वहिष्करणमा पारिएका सुमुदाय माथि हुने विभेदको विरुद्धमा विभिन्न कार्यक्रम मार्फत आवाज उठाउदै आइरहेको छ र यी समुदायको हक अधिकारको लागि राज्यलाई दवाव दिनका लागि विभिन्न कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ । यही सन्दर्भमा सिमान्तकृत समुदायहरुको अव बन्ने संविधान कस्तो हुने भन्ने सन्दर्भमा र बन्न लागेको नयाँ संविधानमा दलित, आदिवासी जनजाती, मुस्लिम तथा अन्य विभेदमा पारिएका समुदायको मनोभावनालाई समेट्ने गरि एउटा वैकल्पिक संविधानको निर्माणार्थ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत व्यक्ति एवं दलित, जनजाती र मुस्लिम अधिकारकर्मीको उपस्थितिमा पाँच दिने आवाशिय कार्यशाला गोष्ठि मार्फत एउटा संविधानको मस्यौदा तयार पारि पुनः त्यसमा सवै क्षेत्र र दलित, जनजाती तथा मुस्लिम अधिकारकर्मीको राय सल्लाह र सुझाव संकलन गर्नका लागि **"वहिष्करणमा पारिएका समुदायको दृष्टिकोणमा समावेशी संविधान (मस्यौदा)** को राष्ट्रिय परामर्श गोष्ठी**"** वल्डट्रेड सेन्टर, त्रिपुरेश्वरमा मिति २०६७ माघ २० गते (३ फब्रुअरी २०११) मा संविधानविद तथा विभिन्न दलित, आदिवासी जनजाती तथा मुस्लिम अधिकारकर्मीको उपस्थितिमा सम्पन्न भयो ।

## २. कार्यक्रमको उद्धेश्य

यस कार्यक्रमका उद्धेश्यहरु निम्न प्रकार रहेका थिए ।

- वैकल्पिक संविधानमा भएका मुद्धाहरुलाई पुनः विभिन्न क्षेत्र र समुदायको संलग्नतामा छलफल चलाई सल्लाह सुझाव तथा प्रतिकृया संकलन गर्नु
- राष्ट्रिय परामर्श गोष्ठिबाट आएका सल्लाह सुझावको आधारमा संविधान निर्माण गर्नु ।

## ३. कार्यक्रमको प्रकृया र प्रमूख गतिविधि

विहान ८:३० डा. सुमित्रा मानन्धर गुरुङको अध्यक्षतामा प्रारम्भ भएको यस कार्यक्रमको उद्देश्यको वारेमा एनकार्डका महासचीव मल्ल के सुन्दरले अवगत गराउनु भएको थियो । उहाले संविधान निर्माणमा हुन पर्ने तीन वटा आयामहरुको वारेमा सहभागीलाई जानकारी गराउनु भयो जुन कमशः जनताको प्रत्यक्ष सहभागिता रहयो कि रहेन, हाम्रा सरोकारका सवालहरु समावेश भएकि भएनन् र जनता एवं राष्ट्रले त्यो हाम्रो संविधान हो, हामीले निमार्ण गरेको संवधान हो भन्ने स्वामित्व रहन्छ कि रहदैन । उहाले २ वर्ष अगाडि एनकार्डले बनाएको नमूना संविधानको आधारमा अहिले संविधान सभाको विषयगत समितिले नमूना संविधानले प्रस्ताव गरेका ५० प्रतिशत मुद्धाहरुलाई समेटेको कुरा

अवगत गराउदै हामीले २४ वटा जिल्लालाई १२ वटा क्षेत्रमा विभाजन गरी दलित संयोजन समिति र सिमान्तकृत समुदाय संयोजन समिति निर्माण गरेको र ती समूहले निरन्तर रुपमा आफ्ना आफ्ना क्षेत्रमा सिमान्तकृत समुदायको  सवालहरु पहिचान गरी एजेन्डाहरु उठाइरहेको जानकारी पनि गराउनु भयो । यसका अतिरिक्त धुलीखेलमा बहिष्करणमा परेका समुदायको संविधान बनाइ परामर्शका लागि राष्ट्रिय गोष्ठिको आयोजना गरिएको र फेरि दुई दिन विज्ञहरुको संलग्नतामा यस कार्यक्रमबाट आएका सल्लाह र सुझावलाई समावेश गरि अन्तिम मस्यौदा तयार गर्ने र फागुन ८ गते संविधानसभाका अध्यक्ष सुवास नेम्वांग मार्फत सार्वजनिक गर्ने कार्यक्रम रहेको जानकारी पनि गराउनु भयो ।

यसै गरि **डा. महेन्द्र लावती**ले  धुलिखेलमा अयोजना गरिएको पाँच दिवसिय कार्यक्रमको निष्कर्ष तथा आफ्नो विचार प्रस्तुत गर्दै सिमान्तकृतको हक अधिकार ९९ प्रतिशत बहुमतले माइनस गर्छु भने पनि नसक्ने हुदा सानो समुदाय, पीडित समुदायको भिटो राइट हुनु लोकतान्त्रिक सिद्धान्तको मान्यता हो तर



लोकतन्त्र भनेको नेपालमा बहुमतले जे गरे पनि हुन्छ भन्ने गलत धारणा रहेको बताउनु भयो ।

जब हामी समुदायको हक भन्छौं निश्चितरुपमा सानो समुदाय वा पीडितहरुको सामुदायिक हक अधिकार सुरक्षित गर्नुपर्छ । बाहिरी चुनौतीबाट जोगिनका लागि समुदायलाई हक दिनुपर्छ । त्यो समुदायमा सम्पूर्ण नागरिकहरुले आफ्नो समुदायको चाहना र आकांक्षा राख्ने मूल्य र मान्यता अपनाइनुपर्छ । धुलिखेलको निष्कर्षले समुदायलाई अधिकार दिने साथसाथै अन्तर्राष्टिय मानवअधिकारको सिद्धान्तलाई अपनाएर अगाडि बढ्ने निष्कर्ष निकालेको पनि सहभागीहरुलाई जानकारी गराउनु भयो । यसै गरि उहाले संसदिय मोडलमा पनि जर्मनी मोडललाई अपनाउदा उपयुक्त हुन्छ धारणा राख्दै यसले ९० को दशकमा हामीले प्रयोग गरेको संसदिय व्यावस्थाको नकारात्मक पक्षलाई रोक्न सकिने विचार पनि राख्नु भयो साथै परिमार्जित संसदिय व्यावस्थाको विकास गर्नुपर्नेमा पनि जोड दिनु भयो । डा. लावतीले **न्याय प्रणाली**को सन्दर्भमा संविधमानमा डुयल सिस्टम अपनाइएको, केन्द्र र प्रान्तमा छुट्टै अदालतको व्यवस्था गरिएको, सबै समुदायको प्रतिनिधित्व हुने गरी संवैधानिक अदालतको व्यवस्था गरिएको  जानकारी गराउनु भयो । संघ संघमा आउने विवादलाई समाधान गर्न यो अदालतको व्यवस्था गरिएको पनि प्रष्ट पार्नु भयो । **न्यायिक प्रणाली** का वारेमा धुलिखेलमा  भएको निर्णय सुनाउने क्रममा अहिले दलितहरुको हकहितका बारेमा व्यवहारमा कार्यान्वयन भएको छैन । दलित डेस्क राख्ने, छुवाछुत निगरानी, कार्यकारिणी निकाय विकास गर्नुपर्छ भन्ने पारित भएको जानकारी गराउनु भयो । **निर्वाचन प्रणालीमा** मिक्स सिस्टम क्षतिपूर्ति युक्त हुनुपर्ने, समानुपातिक निर्वाचनमा एउटा मात्र सिट आए पनि दिनुपर्ने र प्रत्यक्ष

निर्वाचनको बेफाइदा ठूलो पार्टीलाई धेरै सिट र सानो पार्टीलाई कम दिने हुन्छ । मिश्रित प्रणालीमा प्रत्यक्षमा हारे पनि समानुपातिकबाट आउने कुरा उहाले बताउनु भयो । माथिल्लो सभाको कुरा गर्ने हो भने नेपालको अपर हाउस काम नलाग्ने हो । संसारको अनुभवलाई हेर्ने हो भने अपरहाउस लगभग तल्लो सदन जत्तिकै पावर हुन्छ । यसमा सानो समुदाय, उत्पीडित समुदायको प्रतिनिधित्व हुन्छ । भाषा, समुदायबारेमा निर्णय गर्ने अधिकार र बजेटको पेश अधिकार हुन्छ । अपरहाउस कहिल्यै खाली हुदैन । खाली जातीय समुदायको प्रतिनिधित्व गरेर मात्र पुग्दैन । उनीहरुको बारेमा निर्णय गर्ने अधिकार दिनुपर्छ । दलित, मुस्लिम समुदायलाई गैरभौगोलिक प्रणालीबाट अपर हाउसमा प्रतिनिधित्व हुनुपर्छ । संघियतामा यति नै भनेर तोक्नुहदैन । किनभने नेपालमा जस्तोसुकै तवरबाट प्रान्त कोरिए पनि त्यो जातिय हुन्छ । कुनै न कुनै समुदाय बाहुल्य र बहुमत हुन्छ अब हामीले बाहुल्य र बहुमतबाट हुने गलत व्यावहारबाट कसरी समुदायलाई जोगाउने त्यसतर्फ सोच्न उहाले आग्रह गनु भयो । आयोगको चर्चा छ धुलिखेलको निर्णयले सबै समुदायको आयोग हुन्छ र केन्द्रमा रहेको मानवअधिकार आयोगमा त्यो समुदायको प्रतिनिधित्व हुन्छ ।

**३.१ सभासदहरुको मन्तव्य**

अन्तर्राष्ट्रय स्रोत व्यक्तिद्वारा पाँच दिवसिय कार्यशला गोष्ठिमा भएका छलफल र निर्णयहरुको वारेमा जानकारी गराए पछि सभासदहरुलाई छोटो मन्तव्य राख्न लगाइएको थियो । जस अनुसार निम्न सभासदहरुले निम्न मन्तव्य राख्नु भएको थियो ।

**मा. मोहमद सिद्धिकीले** नमूना संविधानमा छुटेको कुरालाई यस संविधान (वैकल्पिक) मासमावेश गरिएको जानकारी गराउदै गैरभौगोलिक सिद्धान्तअनुरुप मुस्लिमको पहिचान कसरी सुरक्षित हुन्छ ? यस विषयमा चर्चा हुनु पर्नेमा जोड दिनुभयो । उहाले मौलिकहकको साथसाथै नागरिकताको कुरामा आमा र बाबुको सवालमा ५ वर्षको बनाइनु पर्नेमा जोड दिनु भयो ।



**मा. नजिर मियाँले** एनकार्डको गोष्ठीमा मात्र मुस्लिमको चर्चा पाएको बताउदै आयोजकलाई धन्यवाद दिदै मुस्लिम भनेको समुदाय हो धर्म होइन । अहिलेसम्म नेपालमा मुस्लिमलाई अल्पसंख्यक भनिएको तर अल्पसंख्यकको स्पष्ट परिभाषा नभएको जानकारी गराउदै नेपालमा १०१ जाति छन् जसमा मुस्लिमहरु ७ नं. रहेको तथ्य पनि जानकारी गराउनु भयो उहाले पनि न्याय प्रणालीमा मुस्लिम समुदायलाई पहिचान चाहिने माग राख्नु भयो ।

**मा. डा. मंगलसिद्धि मानन्धर**ले राज्य पुनर्सरचनाको बारेमा जानकारी गराउदै १४ प्रस्तावित प्रदेशमा नारायणीमा बाहुनको बाहुल्यता र कोशीमा क्षेत्रीको बाहुल्यता रहेको जानकारी गराउनु भयो । साथै उहाले  जात र जाति छुटयाउनुपर्ने पनि बताउनु भयो । संवैधानिक अदालतको बारेमा पुनर्संरचनामा पनि प्रस्तावित छ त्यसमा कसरी समावेश गर्ने विषयमा छलफल हुनुपर्छ मा उहाले जोड दिनु भयो ।

## ३.२ समूह कार्य तथा प्रस्तुति

सभासदहरुको मन्तव्य पश्चात धुलिखेलको पाँच दिवसिय कार्यशालाबाट तयार पारिएको मस्यौदा उपर छलफल गरि सुझाव दिनका लागि सहभागिलाई ५ समूहमा विभाजन गरि निम्न विषय उपर सुझाव समूह कार्यगर्न लगाई सुझाव लिइएको थियो ।

### समूह छलफलमा चलाइएका विषय वस्तुहरु

१. मौलिक हक तथा निर्देशिक सिद्धान्त

२. सरकारको स्वरुप

३. विधायिका, न्यायपालिका, कार्यपालिका

४. राज्य पुनर्संरचना र शक्तिको बाडफाड

५. विविधः प्रस्तावना, आयोग, झन्डा



उल्लेखित पाँच समूहले आ-आफ्नो विषयमा छलफल गरे पश्चात समुह नेताले प्रस्तुति गर्नु भएको थियो । समूहहरुले प्रस्तुत गरेको विषयमा पुनः सहभागीहरुको सुझाव लिइ उक्त विषयहरुलाई निष्कर्ष स्वरुप अन्तिम रुप दिइएको थियो ।

## ४.कार्यक्रमको व्यावस्थापकिय पक्ष

यस कार्यशालालाई सफलता पूर्वक संचलन गर्नका लागि एकजना अन्तर्राष्ट्रिय स्रोत व्यक्ति (डा. महेन्द्र लावती), एकजना सहजकर्ता (बालकृष्ण माबुहाङ) र  तीन सदसीय सचिवालयको  व्यावस्था गरिएको थियो । सचीवालयका सदस्यमा कमल विश्वकर्मा, देवेन्द्र खापुङ र रत्नकाजी मर्हजन थिए । उक्त सचीवालयले छलफलमा आएका विषय वस्तुहरुलाई हुवहु नोट गर्नुका अतिरिक्त स्रोत व्यक्ति, सहजकर्ता एवं सहभागीहरुलाई कार्यक्रममा भएका छलफलहरुको टिपेट उपलब्ध गराएका थिए । साथै कार्यक्रममा भइपरि आउने अन्य कार्यहरु पनि गरेका थिए । यसका साथै एनकार्डका अन्य कर्मचारीहरुले पनि कार्यक्रम व्यावस्थापन लगायत अन्य प्राविधिक कार्यमा सहयोग गरेका थिए ।

यस कार्यशालालाई दुई शत्रमा विभाजन गरिएको थियो पहिलो शत्रको सहजीकरण एनकार्डका सचीव गणेश वि.के ले गर्नु भएको थियो भने दोस्रो शत्रको सहजीकरण बालकृष्ण माबुहाङले गर्नु भएको थियो ।

**५.कार्यक्रममा सहभागीताको अवस्था**

यस कार्यक्रममा दलित, जनजाती मुस्लिमका बुद्धिजीवी, अधिकारकर्मी लगायत सभासदहरुलाई पनि उपस्थिति गराइएको थियो । साथै १२ वटा क्षेत्रका क्षेत्रीय दलित संयोजन समिति र सिमान्तकृत समुह संयोजन समितिलाई निमन्त्रणा गरिएकोमा केही क्षेत्रका वाहेक धेरैको प्रतिनिधित्व रहेको थियो ।

यस कार्यक्रममा निम्नानुसार उपस्थिति रहेको थियो ।

| **क.स** | **जातीगत समुह** | **संख्या** |
|---|---|---|
| १ | मुस्लिम | १६ |
| २ | गुरुङ्ग | ७ |
| ३ | लिम्बु | ८ |
| ४ | विश्वकर्मा | १२ |
| ५ | परियार | ७ |
| ६ | चर्मकार | २ |
| ७ | राई | ३ |
| ८ | थामी | १ |
| ९ | नेवार | १३ |
| १० | तमाङ | १ |
| ११ | मगर | १ |
| १२ | मधेशी दलित | ६ |
| १३ | थकाली | १ |
| १४ | अन्य (Unidentified) | ३ |
| **जम्मा** | | **८१** |

यस कार्यक्रममा जम्मा ८१ जनाको सहभागीता रहेको थियो जसमा कुल दलित २७, जनजाति ३५, मुस्लिम १६ र अन्य ३ जना रहेका थिए । दलितहरु मध्ये ६ जना तराइँ दलितहरु रहेका थिए ।

**६.कार्यक्रमको प्रमूख उपलब्धीहरु**

बहिष्करणमा पारिएका समुदायको दृष्टिकोणबाट निर्माण गरिएको संविधानको मस्यौदामा विभिन्न क्षेत्र का दलित, जनजाती र मुस्लिम अधिकारकर्मीहरुको सल्लाह, सुझाव लिइ यसलाई अझ थप सहभागीमूलक बनाउन यस कार्यक्रमले सघाउ पुर्‍याएको थियो । साथै संविधानको मस्यौदालाई अन्तिम रुप दिन पनि यस कार्यक्रममा उठाइएका सवालहरुले मदत गर्ने देखिन्छ ।

*****